**आकाशवाणी समाचार- नेपाली**

मितिः १० फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

1. सर्वोच्च अदालतले पश्चिम बंगालमा एसआईआर मुद्दामा आपत्ति दर्ता गर्ने समयसीमा १४ फरवरीबाट एक हप्ताका लागि बढाएको छ।

2. पश्चिम बंगालमा विधानसभा चुनाव अघि केन्द्रीय अनुसन्धान एजेन्सीहरुको सक्रियता फेरि देखिएको छ।

3. राज्यसभा सांसद हर्षवर्ध्दन श्रृङ्गलाले हिजो संसदमा महत्वपूर्ण सार्वजनिक महत्वको विषय उठाउनु भएको छ|

4. राशन डिलरहरुले विभिन्न मागहरु लिएर गरिरहेका बन्द आजदेखि खोलिने अनि राशन वितरण गर्ने भएको छ।

5. तकदाह टिस्टाभेल्ली समष्टि इण्डियन गोर्खा जनशक्ति फ्रण्टको युवा अनि नारी जनशक्ति फ्रण्ट गठन गरिएको छ।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल**

सर्वोच्च अदालतले पश्चिम बंगालमा एसआईआर मुद्दामा आपत्ति दर्ता गर्ने समयसीमा १४ फरवरीबाट एक हप्ताका लागि बढाएको छ। मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकान्त, न्यायमूर्ति जोयमलय बागची र न्यायमूर्ति एनवी अंजारीको बेन्चले राज्य सरकारलाई एसआईआरको कामका लागि निर्वाचन आयोगलाई समूह बी अधिकारीहरू उपलब्ध गराउन निर्देशन दिएको हो। यसले आयोगका माइक्रो अब्जर्भरलाई स्थान लिन सक्छ। अदालतले दावी र आपत्तिमा अन्तिम आदेश मतदाता दर्ता अधिकृतले मात्र लिन सक्ने र माइक्रो अब्जर्भरले मात्र सहयोग गर्न सक्ने बताएको छ। अदालतले राज्य पुलिस महानिर्देशकलाई एसआईआर अधिकारीहरू विरुद्ध हिंसा रोक्न र धम्की र असफलताको बारेमा निर्वाचन आयोगले उठाएका मुद्दाहरूमा व्यक्तिगत हलफनामा दायर गर्न पनि निर्देशन दिएको छ। अदालतले यो प्रक्रियामा कसैलाई पनि अवरोध गर्न नदिने बताएको छ । यस विषयमा अदालतले आवश्यक आदेश वा स्पष्टीकरण जारी गर्नेछ।

**प्रवर्तन निदेशालय**

पश्चिम बंगालमा हुन लागेको विधानसभा चुनावअघि केन्द्रीय अनुसन्धान एजेन्सीहरुको सक्रियता फेरि देखिएको छ। प्रवर्तन निर्देशनालयले कोइला तस्करीको मामिलामा बुबुद पुलिस स्टेशनका प्रभारी मनोरञ्जन मण्डललाई बोलाएको छ। यसै महिनाको सुरुवातमा ईडीले मनोरञ्जन मण्डलको घरमा छापा मारेको थियो जसमा कैयौँ महत्वपूर्ण कागजातहरू बरामद गरिएको थियो। सोही कार्यका आधारमा उनलाई आज सोधपुछका लागि बोलाइएको छ। स्रोतका अनुसार कुख्यात लालाका नजिकका सहयोगी चिन्मय मण्डललाई पनि सोही मुद्दामा ईडीले बोलाएको छ। अनुसन्धान एजेन्सीहरूले चिन्मय मण्डल कोइला तस्करीको नेटवर्कमा एक प्रमुख लिंक र कथित मास्टरमाइन्ड भएको दाबी गरेका छन्। यसअघि ईडीले चुनावी रणनीतिकार संस्था आई-पैकका प्रमुख प्रतीक जैनको घर र कार्यालयमा पनि छापा मारेको थियो, जसले राजनीतिक विवादलाई अझ गहिरो बनाएको थियो। यो कुरा उच्च अदालत र सर्वोच्च अदालतसम्म पुग्यो। त्यसपछि ईडीका निर्देशक राहुल नवीनले कोलकाता पुगेर वरिष्ठ अधिकारीहरुसँग बैठक गरे। बैठकमा कोइला, बालुवा लगायत कैयौँ ठूला विषयमा भएको प्रगतिको समीक्षा भएको थियो। यसपछि कोइला तस्करी मुद्दाको अनुसन्धानलाई तीव्रता दिइएको थियो।

**सिभिक भोलेनटियरको मृत्युलाई लिएर आरोप प्रत्यारोप**

फुलबारी पुलिस ब्यारेकमा तालिमको क्रममा एक सिभिक भोलेनटियरको अस्वाभाविक मृत्युलाई लिएर सिलगढीमा राजनीति तातो भएको छ। घटनाको विरोधमा भाजपा विधायक शंकर घोषले हिजो कचरी रोडमा रहेको गान्धीको मूर्तिमुनि विरोध प्रदर्शन गर्नु भयो। मानसिक तनाव र कुप्रबंधनलाई मृत्युको कारण बनाएको आरोप लगाउँदै विधायक शंकर घोषले निष्पक्ष अनुसन्धानको माग गर्नु भयो। उहाँले भन्नु भयो, राम्रो सुविधा भए मृत्युलाई रोक्न सकिन्थ्यो।मेयर गौतम देवले घटनाप्रति दुःख व्यक्त गर्दै राज्य सरकारले सिभिक भोलेनटियरहरूलाई सुविधा प्रदान गर्ने र हालैको बजेटमा उनीहरूको वेतन वृद्धि गर्ने बताउनु भएको छ। उहाँले मृतकको परिवारलाई भेट्ने वाचा गर्नु भएको छ।

**राज्यसभा सांसद हर्षवर्ध्दन श्रृङ्गला**

राज्यसभा सांसद हर्षवर्ध्दन श्रृङ्गलाले हिजो संसदमा महत्वपूर्ण सार्वजनिक महत्वको विषय उठाउनु भएको छ जसमा दार्जिलिङको फाँसीदेवा विधानसभा क्षेत्रको खोरीबारी ब्लक अन्तर्गत बिन्नाबारी ग्राम पञ्चायतमा रेलवे अन्डरपासको तत्काल आवश्यकतालाई प्रकाश पार्दै उहाँले लभगभ साठी हजार त्यहाँका बासिन्दाहरूले सामना गरिरहेका समस्याहरुप्रति ध्यानाकर्षण गराउनु भएको छ। उहाँले सुरक्षित रेल जडानको अभावले जीविकोपार्जन, शिक्षामा पहुँच र आपतकालीन स्वास्थ्य सेवामा कसरी गम्भीर असर गरिरहेको छ भन्ने विषयमा पनि प्रकाश पार्नु भयो। उहाँले ग्रामीण विकास मन्त्रालयसँगको समन्वयमा रेल मन्त्रालयलाई तत्काल हस्तक्षेप गर्न आग्रह गर्दै बिन्नबारीमा प्रधानमन्त्री ग्राम सडक योजना सडकमा रेल अन्डरपास निर्माण गर्न आग्रह गर्नु भयो।

**राशन दोकानहरु आजदेखि खोलिने**

राशन डिलरहरुले विभिन्न मागहरु लिएर गरिरहेका बन्द आजदेखि खोलिने भएको छ। हिजो रङ्गबुलमा जीटीए प्रमुख अनित थापासित सभा भएपछि राशन दोकानहरुले आजदेखि आफ्ना दोकानहरू खोल्ने भएका छन्। रङ्गबुलमा आयोजित सभामा जीटीए प्रमुख कार्यपाल अनित थापा, डेपुटी चेयरम्यान राजेस चौहान लगायत दार्जिलिङ जिल्ला र कालेबुङ जिल्ला कन्ट्रोलरहरु, दार्जिलिङ-कालेबुङ जिल्ला फेयर प्राइज शप्स डिलर जोइन्ट

एक्शन कमिटीका पदाधिकारीहरूको उपस्थितिमा उक्त निर्णय गरिएको छ। यस अवसरमा खाद्य विभागका मुख्य सचिव, एमआईसी खाद्यान्न अनि जीटीए प्रमुखको अनुरोधमा राशन दोकानहरु बन्द अहिलेलाई स्थगित गरिएको र आजदेखि राशन वितरण गरिने भएको छ| रङ्गबुलमा आयोजित सभापछि पत्रकारहरुसित कुराकानी गर्नु हुँदै फेयर प्राइज शप्स एसोसिएशन दार्जिलिङका सभापति मनोज गुरुङले जानकारी गराउनु भएको छ। उल्लेखनीय छ, विभिन्न मागहरु लिएर दार्जिलिङ र कालेबुङ जिल्ला फेयर प्राइज शप्स एसोसिएशनको तत्वावधानमा गत 1 फरवरीदेखि राशन दोकानहरु बन्द गरेर धारना प्रदर्शन चलिरहेको थियो।

## जलपाईगुड़ीमा पहिलो पटक देखियो नीलगाई

जलपाईगुड़ी जिल्लाको जलढाका, मूर्तिर डायना नदीको संगम स्थलमा स्थानीय जलपंक्षी एवं प्रवासी पंक्षीहरूको गणना गर्ने क्रममा वन कर्मीहरूको एक दलले पहिलो पटक एउटा नीलगाईलाई देख्यो। यस अतिरिक्त रामशाईर नाथुआर जंगल संलग्न जलढाका नदीका वरपर पनि प्राय जसो दिनहुँ नीलगाई देखिएको दाबी स्थानीय मानिसहरूले गरेका छन्। आम रूपमा गोरूमारा जलपाईगुड़ी वन क्षेत्रमा नील गाई देखिँदैन। त्यसैले रामशाई वन क्षेत्रमा अचानक नीलगाई देखिनाले रहस्य गहिरिँदै गइरहेको छ। वन विभाग पनि सतर्क भएको छ। यस सम्बन्धमा जलपाईगुड़ी वन विभागका डीएफओ विकास वीले बताउनु भयो, गए आइतवार पंक्षीहरूको गणना गर्ने क्रममा कर्मचारीहरूको एक दलले पहिलो पटक स्पष्ट रूपमा एउटा नील गाईलाई देखेको छ। सम्पूर्ण मामिलाको जाँच गरिँदैछ साथै सुरक्षा व्यवस्थालाई केही हदसम्म बढ़ाइएको छ। वन विभागको अनुमानमा नीलगाई अन्य वन क्षेत्रबाट भौंतारिएर यहाँ आएको हुनसक्छ। हाल वनकर्मीहरूले सम्पूर्ण क्षेत्रमा नजर राखिरहेका छन् ताकि कुनै पनि प्रकारको जनहानि वा फसललाई क्षति नपुगोस्।

## विदेशी सिगरेट जफत

सिलगढी मेट्रोपॉलिटन पुलिसको बाघडोग्रा पुलिस थानाको पुलिसले आसामबाट बिहारमा तस्करी भइरहेको लगभग २० लाख मूल्यको विदेशी सिगरेट जफत गरेको छ। तस्करीमा प्रयोग गरिएको ट्रक पनि जफत गरिएको छ र दुईजना शंकास्पद व्यक्तिलाई पक्राउ गरिएको छ। अभियुक्तहरू ट्रक चालक रहेको र दुवै आसामका बासिन्दा हुन्। पुलिस स्रोतका अनुसार, सूचनाको आधारमा पुलिसले हिजो दिउँसो जंगली बाबा मन्दिर रोड नजिकै एउटा शंकास्पद ट्रक रोकेको थियो। खोजीको क्रममा ट्रकबाट धेरै कार्टन विदेशी सिगरेट बरामद भएको थियो। चालकले कागजातहरू प्रस्तुत गर्न असफल भए। यसपछि, पुलिसले ट्रक चालक र अन्य दुईजनालाई पक्राउ गरेको छ। बाघडोग्रा पुलिसले विदेशी सिगरेट तस्करीको मुद्दा दर्ता गरेको छ र थप अनुसन्धान गरिरहेको छ।

## गोरामुमो टुङ सन्तमेरिज समष्टिको सभा

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा गोरामुमोले आफ्नो सांगठनिक विस्तारलाई अघि बढाउँदै विभिन्न समष्टिहरुमा आफ्नो सांगठनिक विस्तारलाई तीव्रता दिएको छ। यसै क्रममा गोरामुमो खरसाङ ब्राञ्च कमिटी अन्तर्गत टुङ सन्तमेरिज समष्टिले हिजो आफ्नो सांगठनिक विस्तारलाई अघि बढाउँदै टुङ आईटीआईमा सांगठनिक सभा सम्पन्न गरेको छ। समष्टि अध्यक्ष मदन छेत्रीको अध्यक्षतामा सम्पन्न भएको सभामा केन्द्रिय समिति सदस्या अमृता छेत्री र गोरामुमो केन्द्रिय समिति संयोजक आनन्द राई प्रमुख उपस्थिति थिए। सभामा केन्द्रिय समिति सदस्य, शाखा पदाधिकारी तथा संगठन विस्तार, सदस्यता व्यवस्थापन, कार्यकर्ताको भूमिका तथा अनुशासनसम्बन्धी विषयमा केन्द्रित रही विस्तृत छलफल गरिएको जनाइएको छ।
छलफलका क्रममा संगठनलाई थप मजबुत बनाउन नयाँ सदस्यता प्रक्रियालाई व्यवस्थित गर्ने, संगठनभित्र जिम्मेवारी

स्पष्ट गर्ने तथा अनुशासनलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने विषयमा सहमति जनाइएको छ। यसका साथै, संगठनात्मक संरचनालाई चुस्त-दुरुस्त बनाउन सबै तहका कार्यकर्ताको सक्रिय सहभागिता आवश्यक रहेको धारणा व्यक्त गरिएको छ।

**शव उद्धार**

सिलगढ़ी महकुमाका फाँसीदेवा थाना क्षेत्रमा एकजना व्यक्तिको अर्धनग्न शव भेटियो जसले गर्दा क्षेत्रमा व्यापक कोहोलो मचियो। महानन्द क्यानल पावर हाउसस्थित झमकलाल जोतबाट हिजो एउटा शवलाई उद्धार गरिएको छ। जानकारी अनुसार बिहानदेखि नै शव बालुवाको थाकमा लड़िरहेको थियो। स्थानीय मानिसहरूको नजर पर्नसाथ क्षेत्रमा खैलाबैला शुरू भयो। घटनाको सूचना पाएर फाँसीदेवा थानाको पुलिस घटनास्थलमा पुग्यो अनि शवलाई उद्धार गऱ्यो।

**तकदाह टिस्टाभेल्ली समष्टि आईजीजेएफ**

तकदाह टिस्टाभेल्ली समष्टि इण्डियन गोर्खा जनशक्ति फ्रण्टको युवा अनि नारी जनशक्ति फ्रण्ट गठन गरिएको छ। उक्त कार्यक्रमको सभापतित्व केन्द्रिय कार्यकारी सदस्य बुद्ध मंगरले गर्नु भएको थियो भने दार्जीलिङ महकुमाका युवा संयोजक राब्गे राई र नारी संयोजिका नोरा सुब्बा मुख्य अतिथि थिए। सभामामा तकदाह टिस्टाभेल्ली समष्टिको युवा अनि नारी संगठन पुनः गठन गरिएको छ। उक्त कार्यक्रममा युवा अनि नारी पदाधिकारीलाई दार्जिलिङ महकुमाद्वारा सम्मानपूर्वक नियुक्ति पत्र प्रदान गरियो। युवा जनशक्ति फ्रण्ट, तकदाह टिस्टाभेल्लीको अध्यक्ष बादल राई, उपाध्यक्ष अमरजित गुरुङ, निर्मल छेत्री र दृश्य गुरुङ, महासचिव राजेश दर्नाल, सह सचिव सिद्धु राई, पुरण राई र मार्क्स लोहागुण रहेका छन्। यसैगरी, मिडिया संयोजक साईबा गुरुङ, महकुमा प्रतिनिधि सन्नी सुब्बा र साजन बान्तवा राई रहेका छन्।त्यसरी नै नारी जनशक्ति फ्रण्ट, तकदाह टिस्टाभेल्ली समष्टिकी अध्यक्षा पूजा मुखिया, उपाध्यक्ष योगिता तामाङ राई, रोशनी तामाङ, रेणु राई, महासचिव अञ्जना गुरुङ,बन्दना गुरुङ, सह-सचिव दिप्ती थापा र निर्माया राई, महकुमा प्रतिनिधि सरु छेत्री र रोशनी तामाङ रहेका छन्।

****** ० ******